नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

(सूचना प्रकाशित मिति : २०८३।०२।०७)

### शिक्षकहरूको प्राविधिक ग्रेड सम्बन्धी सूचना

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८३।०१।३१ को (माननीय मन्त्री स्तरीय) निर्णय बमोजिम वि.सं. २०५७ श्रावण १ गते भन्दा अगाडि स्थायी नियुक्ति लिएका, तालिम प्राप्त भएका र प्राविधिक ग्रेड वापत २ ग्रेड खाईपाई आएका शिक्षकहरूमध्ये माध्यमिक तह प्रथम श्रेणीका शिक्षक बाहेक माथिल्लो तहमा खुल्ला प्रतिस्पर्धाबाट स्थायी नियुक्ति लिएका वा श्रेणी बढुवा भएका शिक्षकहरूले २०७३ श्रावण १ गते पश्चात् अवकाश भएकाहरूको हकमा निवृत्तभरण, औषधि उपचार तथा विदा वापतको रकममा प्राविधिक २ ग्रेड समेतको सुविधा कायम गर्न र कार्यरत शिक्षकहरूको तलवी प्रतिवेदन पारित गर्ने प्रक्रियामा वि.सं.२०५७ अघि तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी, वि.सं.२०५७ अघि वा पछि प्राविधिक ग्रेड सहितको कुनै एक तलबी भरपाईको प्रतिलिपि वा तलब निकासा स्वीकृत माग फाराम, सम्बन्धित पालिकाबाट प्राप्त तलवी प्रतिवेदन विवरण, सम्बन्धित पालिकाबाट छुट ग्रेड वापतको रकम भुक्तानी भएको विवरण, सिफारिस पत्र र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस सहित यस किताबखानामा पेश गर्नु हुन सूचित गरिन्छ ।

२०८३-२-६